'सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३, बमोजिम प्रकाशित गरिएको'

# स्वतः प्रकाशन

## (Pro- active Disclosure)

(आ.ब.२०८१ श्रावण देखि २०८१ पौष मसान्त )

(दोश्रो त्रैमासिक अवधि)

# मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## वामीटक्सार गुल्मी ।


Website : www.musikotmungulmi.gov.np

Email : musikotmpgulmi@gmail.com

Contact: 079412145

‘सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३, बमोजिम प्रकाशित गरिएको’

# स्वतः प्रकाशन Pro- active Disclosure

आ.ब.२०८१/८२

(श्रावण देखि पौष दोश्रो त्रैमासिक अवधिको)


मुसिकोट नगरपालिका

नगरकार्यापालिकाको कार्यालय

वामीटक्सार,गुल्मी

फोन नं. ०७९-५२०१४५

Email: musikotmpgulmi@gmail.com,

Website: www.musikotmungulmi.gov.np

# पदाधिकारी तथा कर्मचारी विवरण



श्री जिवलाल खरेल जीवन

नगर प्रमुख

९८५७०२१२१२

jeevankhareljibalal@gmail.com



श्री गंगा श्रेष्ठ

नगर उप प्रमुख

९८६७२०५५३०

shresthaganga5530@gmail.com



श्री चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

९८५७०८३७८९

musikotmpgulmi@gmail.com



श्री प्रकाश घिमिरे

सूचना अधिकारी

९८४९६३७१७९

prakashsilent44@gmail.com

## स्वतः प्रकाशन (Pro- active Disclosure) सम्बन्धमा ।

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम जारी भएका सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावली, २०६५ को नियम ३ मा हरेक सेवा प्रदायक संस्थाहरुले आफुले सम्पादन गर्ने कामकारवाही, विधि प्रक्रिया र सेवा प्रवाहका सम्बन्धमा हरेक ३/३ महिनामा स्वतः प्रकाशन ( Pro- active Disclosure) सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ ।

प्रस्तुत प्रकाशन सोही प्रयोजनको लागि तयार गरिएको हो । मुसिकोट नगरपालिका स्थापनाका हिसावले नयाँ नगरपालिका भएकोले संस्थागत विकास , सेवा प्रवाह र संविधान प्रदत्त स्थानिय तहले आफैले कानुन बनाएर कार्यान्वयन गर्ने एकल अधिकारका सूची र साझा अधिकारको सूचीमा समावेश भएका विषयलाई कार्यान्वयन गर्ने कार्यमा शुन्य अवस्थाबाट अगाडी बढेकोले कतिपय कानुनमा उल्लेख भएका विषयवस्तु समयमै सम्पादन नभएको हुन सक्दछन । यद्यपी यस नगरपालिकाले आफुले कार्यान्वयन गरेका सेवा प्रवाह, कानुन निर्माण र विकास गतिविधिहरुलाई अन्तक्रिया,गोष्ठी,सार्वजनिक सुनुवाई,सामाजिक संजाल,वेभसाइट र विभिन्न प्रकारका सुचना प्रविधिका माध्यमबाट सार्वजनिक गर्दै आएको छ । यस प्रकाशनमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशनमा समावेश गर्नुपर्ने सवै विषयवस्तुका साथै आ.व.२०८१।८२ को दोश्रो त्रैमासिक अवधिमा नगरपालिकाबाट सम्पादन भएका सेवा प्रवाह,कानुन निर्माण, विकास गतिविधिहरुलाई समेट्ने प्रयास गरिएको छ ।

यस किसिमको प्रकाशनबाट आम नगरवासीहरुले स्थानिय तहको स्वरुप र प्रकति, स्थानिय तहको काम कर्तव्य र अधिकार, सेवा प्रवाहको विधि प्रक्रिया,विद्यमान कानुन,निर्णय निर्माण प्रक्रिया र यावत विषयमा जानकारी प्राप्त गर्नुहुने कुरामा हामी विश्वस्त छौं । यस प्रकाशनमा कानुन बमोजिम समेटिनुपर्ने विषय र यहाँहरुले अपेक्षा गरेका विषयहरु छुटेका हुन सक्दछन् । आगामी दिनहरुमा नियमित रुपमा स्वतः प्रकाशन गर्ने र थप विषयवस्तु समावेश गर्दै परिस्कृत गर्ने व्यहोरा जानकारी गराउँछौ । स्वतः प्रकाशनमा सहयोग गर्नुहुने शाखा प्रमुख,वडा सचिव लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ।

मितिः २०८१।१०।१५

मुसिकोट नरपालिका गुल्मी ।

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १) | नगरपालिकाको संक्षिप्त परिचय | ६ |
| २) | नगरपालिकाको स्वरुप र प्रकृति | ८ |
| ३) | नगरपालिकाको काम, कर्तव्य र अधिकार | ८ |
| ४) | नगरपालिकाको स्वीकृत दरबन्दी तेरिज | १० |
| ५) | नगरपालिकामा रहेका शाखा र शाखा प्रमुखहरुको विवरण | ११ |
| ६) | प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १२ |
| ७) | निवेदन,उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १२ |
| ८) | निर्णय गर्ने प्रक्रिया र अधिकार | १३ |
| ९) | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १४ |
| १०) | ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूची | १५ |
| १२) | कार्यालयले सुशासन प्रवर्द्धनका लागि गरेका प्रयासहरु | १५ |
| १३) | नगरपालिकामा आ.ब.२०८१।८२ को यस अवधिमा भएका नविन कार्यक्रमहरु | १६ |
| १४) | आ.ब.२०८१/८२ को यस अवधिसम्मको आम्दानी खर्च विवरण | १६ |
| १५) | आ.ब.२०८१/८२ को यस अवधिमा सम्पादित मुख्य मुख्य कामको विवरण | १७ |
| १६) | मुसिकोट नगरपालिकाका जनप्रतिनिधिहरु सम्बन्धी विवरण | २३ |
| १७) | मुसिकोट नगरपालिकाका कर्मचारी सम्बन्धी विवरण | २४ |

## १.मुसिकोट नगरपालिकाको संक्षिप्त परिचय

नेपालको संबिधान २०७२ अनुसार राज्यको पुनरसंरचना हुँदा ७ प्रदेश ७७ जिल्ला र ७५३ स्थानीय तहमा बिभाजन भए अनुसार मुसिकोट नगरपालिका लुम्बिनी प्रदेशमा पर्दछ । यो नगरपालिका राज्यको पुनरसंरचना भएपछि ९ वटा वडामा बिभाजन सहित गठन भएको नगरपालिका हो । **"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"** भन्ने मुल मन्त्रका साथ जनसेवा र विकास अभियानमा जुटेका हामी मुसिकोट नगरवासीसँग पवित्र मालिका तीर्थस्थल,पर्यटकीय शिखरमा अवस्थित सालीमेधाम,ऐतिहासिक मुसिकोट दरवार,नेपालमा कफि खेतीको जननी गाउँ आँपचौर जस्ता राष्ट्रिय गौरवका ठाउँहरु रहेका छन् । मध्यपहाडी लोकमार्गको समिपमा कुल ११४.७४ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको, ९ वटा वडाहरुमा विभाजित,कूल २८४५४ जनसंख्या रहेको यस मुसिकोट नगरपालिकामा सडक सञ्जाल सहितका आवश्यक भौतिक पूर्वाधारहरु लगभग सबै वडाहरुमा पुगेका छन् । विकासका दृष्टिले पछाडी रहेता पनि यस ठाउँमा कृषि पर्यटन उद्योग र मानव संसाधन विकासद्धारा मुलुकलाई नै योगदान दिनसक्ने सम्भावना छ । सुन्दर र सम्वृद्ध नगरपालिका निर्माणको परिकल्पना साथ हामी अगाडी बढेका छौ । मुसिकोट नगरपालिकाका बासिन्दाहरुको मूल आय श्रोत कृषि र बैदेशिक रोजगार हो भने रोजगारीको मूल श्रोत कृषिमा ७० प्रतिशत, ज्याला मजदुरीमा १० प्रतिशत, व्यापार व्यवसायमा ५ प्रतिशत, नोकरीमा ३ प्रतिशत र बैदेशिक रोजगार १२ प्रतिशत रहेको छ । विभिन्न जातजातीहरुको समिश्रण रहेको यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जनजातीहरुको आफ्नै कला संस्कृती, भेषभुषा रहनसहन रहेका छन् । लोपोउन्मुख अवस्थामा रहेका यी सांस्कृतिक धरोहरहरुलाई आगामी पुस्ताका लागि जोगाई राख्नु हामी सबैको कर्तव्य बनी सकेको छ । यसै गरी ग्रामीण पर्यटनको अवधारणालाई कार्यन्वयनमा ल्याई यस नगरपालिका क्षेत्रमा रहेको गरीबीलाई न्यूनिकरण गर्न यो नगरपालिकाले आफ्ना प्रयासहरु अगाडी बढाउने कार्यक्रमलाई बढवा दिएको छ । मुसिकोट नगरपालिका नयाँ निर्माण भएको नगरपालिका हो । साथै भौगोलिक हिसाबले विविधता भएकोले यहाँ व्यावसायिक खेतीको संम्भावना प्रबल रहेको छ । नेपालमा पहिलो पटक कफि खेतीको सुरुवात गर्ने गौरवमय इतिहास बोकेको मुसिकोट नगरपालिका विदेशमा सबैभन्दा बढी अर्गानिक कफि निर्यात गर्ने नगरपालिका हो । जापान तथा कोरियामा हालसम्म पनि यहाँको आर्गानिक कफि निर्यात हुदै आईरहेको छ । नगरपालिकाका विभिन्न भागहरुमा तरकारी खेती, अदुवा खेती, सुन्तला खेती, च्याउ खेतीको लागि उपयुक्त जलवायु र स्थानहरु रहेका छन् । मुसिकोट नगरपालिका-५ आँपचौरमा नेपालमै पहिलो अर्गानिक कफि अनुसन्धान केन्द्रको स्थापना गरिएको छ ।

कुर्घाको मालिका, मुसिकोट दरबार, पौदीको छत्रकोट मन्दिर, वामीको वामीमैदान कोट जस्ता पौराणिक तथा ऐतिहासिक गाथा बोकी जैविक विविधता र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण तपोभूमि सालिमे दह जस्ता पौराणिक स्थलहरु यस नगरपालिका भित्र रहेका छन् । वामीटक्सार बजार,भुवाचिदी बजार,ईन्द्रेगौडा बजार,बडागाउँ मैदान,मुसिकोट देउराली, पौदी अमराई बजार यहाँका मुख्य व्यापारिक केन्द्रहरु हुन् । यस नगरपालिकाका मुख्य नदिनालाहरुमा बडिगाड,दरम र निस्ति हुन् । ढुङ्गा,गिट्टी,बालुवाका महत्वपूर्ण यी नदि खोलाहरु जल पर्यटनका दृष्टिले पनि उच्च सम्भावना

भएका क्षेत्रहरु हुन् । हाल यी नदिखोला नगरपालिकाको आन्तरिक राजश्व आम्दानीको मुख्य श्रोतहरु हुन् ।

**नगरपालिकाको नामाकरण एवं संरचना**

नेपाल सरकारको मिति २०७३/११/२७ गतेको घोषणा बमोजिम यो नगरपालिकाको गठन भएको हो । यसको नामाकरण यस नगर क्षेत्रमा रहेको ऐतिहासिक दरवार मुसिकोट दरबारको नामबाट नै रहन गएको हो । साविकका ७ वटा गाविसहरु पौदीअमराई, मुसिकोट, बडागाउँ, आँपचौर, कुर्घा, वामी, अर्लाङकोट पुरै र नेटा गा.वि.स.का ४ वटा वडाहरुलाई मिलाएर बनाईएको हो । हाल आएर यो नगरपालिका ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

**नगरपालिकाको भौगोलिक अवस्था, सिमाना तथा क्षेत्रफल**

१) अक्षांशः २८०००७' देखि २८०२१' सम्म

२) देशान्तरः८३०११' देखि ८३०२४' सम्म

३) उचाईः समुन्द्र सतह ढोडेनी बगर ७५० मिटर देखि सालिमेदह २४०० मिटरसम्म रहेको छ ।

४) क्षेत्रफलः ११४.७४ वर्ग कि.मि.

५) सिमानाःपूर्व चन्द्रकोट गाउँपालिका, पश्चिम ईश्मा र मालिका गाउँपालिका, उत्तरमा बाग्लुङ्ग जिल्ला र दक्षिणमा रेसुङ्गा नगरपालिका र गुल्मीदरवार गाउँपालिका रहेका छन ।

**राजनीतिक एवं प्रशासनिक विभाजन**

| क्र.सं. | नयाँ वडा | समावेश साविकका गाविस | वडा केन्द्र | जनसंख्या | क्षेत्रफल (व.कि.मि.) |
|---|---|---|---|---|---|
| १ | १ | पौदी अमराई (१-९) र नेटा (१-४) | पौदी अमराई | ४१५६ | १७७७. |
| २ | २ | मुसिकोट (१-९) | मुसिकोट | ३५०५ | १५०१. |
| ३ | ३ | वडागाउँ (५-८) | वडागाउँ | ३८९५ | ११४४. |
| ४ | ४ | वडागाउँ (१-४ र ९) | वडागाउँ | ४४२३ | १५१२. |
| ५ | ५ | आँपचौर (१-९) | आँपचौर | ३१८६ | १३६२. |
| ६ | ६ | कुर्घा (१-९) | कुर्घा | २८५७ | १००४. |
| ७ | ७ | वामी (१, २, ३र ९) | वामीटक्सार | ३६६३ | ७३१. |
| ८ | ८ | वामी (४-८) | वामीमैदान | २१८८ | १०६४. |
| ९ | ९ | अर्लाङकोट (१-९) | अर्लाङकोट | १५८१ | १३७९. |
| **जम्मा** | | | | **२८४५४** | **११४७४.** |

**प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरु**

| सि.नं. | **ऐतिहासिक तथा धार्मिक स्थलहरु** | **मेला लाग्ने समय** |
|---|---|---|
| १. | मुसिकोट दरबार कोट | वडा दशैं , चैते दशैं |
| २. | मालिका मन्दिर | कार्तिक शुक्ल पक्ष चतुर्दशीका दिन |
| ३. | सालिमे दह | श्रावण महिना |
| ४. | वामीमैदान कोट | वडा दशैं , चैते दशैं |

| | | |
|---|---|---|
| ५. | छत्रकोट मन्दिर थामडाँडा | वडा दशैं |
| ६. | स्वाँरा गुरुङ्ग होम स्टे (जिल्लाकै पहिलो होम स्टे) | पौष १५ र अन्य समय |
| ७. | सिद्धेश्वर गुफा | |
| ८. | कोटेश्वर गुफा | श्रावण महिना |

**२.नगरपालिकाको स्वरुप र प्रकृति**

देशमा आमुल परिवर्तनसँगै शासकिय स्वरुपमा परिवर्तन भई राज्य पुनर्संरचना हुदाँ देशलाई संघ,प्रदेश र स्थानिय तहमा विभाजन भएको छ । ७५३ स्थानिय तह मध्ये मुसिकोट नगरपालिका एक महत्वपुर्ण र संभावना बोकेको नगरपालिका हो ।

वर्तमान नेपालको संविधानमा व्यवस्था भए वमोजिम मुसिकोट नगरपालिका एक स्वायत्त र स्वतन्त्र निकाय हो । जसको संचालन निर्वाचित जनप्रतिनिधिहरुबाट भएको छ । संविधान प्रदत्त २२ वटा एकल अधिकारका सुची र १५ वटा साझा अधिकारका सूचीमा आफैले कानुन बनाएर त्यसको कार्यान्वय गर्ने संवैधानिक हैसियत नगरपालिकालाई प्राप्त छ ।

हाल यो स्थानीय सरकार संचालन ऐन २०७४ वाट व्यवस्थित र संचालित छ । संघ र प्रदेश सरकारसंग यसको सम्बन्ध सहअस्तित्व , समन्वय र सहकारिताको सिद्धान्तवाट निर्देशित र व्यवस्थित छ । व्यवस्थापिकाको रुपमा नगर सभा, न्यायपालिकाको रुपमा न्यायिक समिती र कार्यपालिकाको रुपमा नगरकार्यपालिका जस्ता संरचनाहरु मार्फत यसले स्थानीय सरकारको रुपमा शक्ति अभ्यास गरिरहेको छ । संविधान प्रदत्त जिम्मेवारीको निर्वाह नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु मार्फत हुने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको छ । यस नगरपालिकामा ९ वटा वडा कार्यालयहरु मार्फत सेवा प्रवाह भईरहेको छ ।

**३.नगरपालिकाको काम, कर्तव्य र अधिकार**

नगरपालिकाको काम कर्तव्य र अधिकार संविधानले नै व्यवस्थित गरेको छ । अनुसुची ८ मा एकल अधिकार र अनुसुची ९ मा तिनै तहको साझा अधिकारको सुची लिपिवद्ध छ । एकल अधिकारको सुचीमा समाविष्ट २२ वटा कार्यहरु आफैले कानून बनाएर सम्पादन गर्न सक्ने र साझा अधिकारको सुचीमा रहेका १५ वटा कार्यहरु संघ , प्रदेश र स्थानीय तहले आपसी समन्वयमा नवाँझिने गरि कानुन वनाइ सम्पादन गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको अनुसुची ८ बमोजिम नगरपालिकाका एकल अधिकारको सूचीमा समावेश काम,कर्तव्य र अधिकारहरु देहाय बमोजिम छन्

क.नगर प्रहरी

ख.सहकारी संस्था

ग.एफ.एम.सञ्चालन

घ.स्थानीय कर ( सम्पत्ति कर, घर बहाल कर , घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क(दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर ,व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना,मनोरञ्जन कर,मालपोत संकलन

ङ.स्थानीय सेवाको व्यवस्थापन

च.स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन
छ.स्थानीयस्तरका विकास आयोजना र परियोजनाहरु
ज.आधारभुत र माध्यामिक शिक्षा
झ.आधारभुत स्वास्थ्य र सरसफाई
ञ.स्थानीय बजार व्यवस्थापन,वातावरण संरक्षण र जैविक विविधता
ट.स्थानीय सडक,ग्रामीण सडक,कृषि सडक र सिंचाई
ठ.गाउँसभा वा नगरसभा,जिल्ला सभा, स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
ड.स्थानीय अभिलेख व्यवस्थापन
ढ.जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण
ण.कृषि तथा पशुपालन,कृषि उत्पादन व्यवस्थापन,पशु स्वास्थ्य, सहकारी
त.जेष्ठ नागरिक ,अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
थ.बेरोजगारको तथ्यांक संकलन
द.कृषि प्रसारको व्यवस्थापन,सञ्चालन र नियन्त्रण
ध.खानेपानी,साना जलविद्युत आयोजना,वैकल्पिक उर्जा
न.विपद व्यवस्थापन
प.जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण
फ.भाषा,संस्कृति र ललितकलाको संरक्षण र विकास

नगरपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसुची ९ मा उल्लेख भए बमोजिम हुनेछ ।संविधानको अनुसुची ९ मा समावेश साझा अधिकारका विषयको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी देहायको विषयमा संघ तथा प्रदेश कानुनको अधिनमा रही नगरपालिकाको देहाय बमोजिमका क्षेत्रमा समेत कार्य गर्दछ ।

क.खेलकुद र पत्रपत्रिका,
ख.स्वास्थ्य,
ग.विद्युत,खानेपानी तथा सिंचाई जस्ता सेवाहरु
घ.सेवा शुल्क,दस्तुर,दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
ङ.वन,जंगल,वन्यजन्तु,चराचुरुङ्गी,जल उपयोग,वातावरण,पर्यावरण तथा जैविक विविधता
च.सामाजिक सुरक्षा र गरिबी निवारण
छ.व्यक्तिगत घटना,जन्म,मृत्यु,विवाह र तथ्यांक
ज.स्थानीयस्तरमा पुरातत्व,प्राचीन स्मारक र संग्राहलय संरक्षण,सम्बद्र्धन र पुनःनिर्माण
झ.सुकुम्बासी व्यवस्थापन
ञ.प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी
ट.सवारी साधन अनुमति
ठ.संघ,संस्था दर्ता तथा नवीकरण

माथि उल्लेखित अधिकारका अतिरिक्त नगरपालिकाको अन्य काम,कर्तव्य र अधिकार देहाय बमोजिम छन्

क.भूमि व्यवस्थापन

ख.सञ्चार सेवा

ग.यातायात सेवा

संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानुन बनाई निक्षेपण गर्न सक्नेछ ।

गाउँपालिका वा नगरपालिकाले माथि उल्लेखित काम,कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन,नीति,योजना,मापदण्ड तथा कार्यविधि बनाई लागु गर्दछ ।

स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्दछ ।

## ४.नगरपालिकाको स्वीकृत दरवन्दी तेरिज

| क्र.सं. | पद नाम | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दि | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्राविधिक | अप्राविधिक | जम्मा |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | ० | १ | १ |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | ० | १ |
| ३ | सि.डि.ई | ९/१० | इन्जि. | सिभिल | | १ | ० | १ |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | ० | १ | १ |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | ० | १ | १ |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र | | १ | ० | १ |
| ७ | जन स्वास्थ्य निरिक्षक | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | ० | १ |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | ० | १ |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ० | २ | २ |
| १० | आ.ले.प.अधिकृत | ६ | प्रशासन | लेखा | | ० | १ | १ |
| ११ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | ० | १ |
| १२ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | ० | १ |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ० | ५ | ५ |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | ० | १ | १ |
| १५ | कम्प्युटर | ४ | विविध | | | १ | ० | १ |
| १६ | प्रा.स. | ४ | शिक्षा | शि.प्र. | | ० | १ | १ |
| १७ | सव- इन्जिनियर | ४ | इन्जि. | सिभिल | | २ | ० | २ |
| १८ | महिला विकास निरिक्षक | ४ | विविध | | | ० | १ | १ |
| १९ | अमिन | ४ | इन्जि. | सर्वे | | १ | ० | १ |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | ० | २ | २ |
| २१ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | ० | १ | १ |
| २२ | सहायक महिला विकास निरिक्षक | ४ | विविध | | | ० | १ | १ |
| कार्यालय तर्फ जम्मा | | | | | | ११ | १८ | २९ |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र | | ० | ४ | ४ |
| २ | सव - इन्जिनियर | ५ | इन्जि. | सिभिल | | ४ | ० | ४ |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ० | ५ | ५ |
| ४ | अ सव - इन्जिनियर | ४ | इन्जि. | सिभिल | | ५ | ० | ५ |
| वडा तर्फ जम्मा | | | | | | ९ | ९ | १८ |
| कुल जम्मा | | | | | | २० | २७ | ४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज.स्वा.नि./हे.अ./सि.अ.हे.व. | ५/६ | स्वास्थ्य | | | ७ | ० | ७ |
| २ | अ.हे.व. | ४/५ | स्वास्थ्य | | | १४ | ० | १४ |
| ३ | अ.न.मी | ४/५ | स्वास्थ्य | | | १४ | ० | १४ |
| स्वास्थ्य चौकीतर्फ जम्मा | | | | | | ३५ | ० | ३५ |
| 1 | कृषि अधिकृत | ७/८ | कृषि | | | १ | ० | १ |
| २ | प्रा.स. | ५ | कृषि | | | २ | ० | २ |
| ३ | ना.प्रा.स. | ४ | कृषि | | | १ | ० | १ |
| ४ | अधिकृत | ७/८ | कृषि | भेट | | १ | ० | १ |
| ५ | प.स्वा.प्रा. | ५ | कृषि | भेट | | १ | ० | १ |
| ६ | प.से.प्रा. | ५ | कृषि | लापोडेडे | | २ | ० | २ |
| ७ | ना.प.स्वा.प्रा. | ४ | कृषि | भेट | | २ | ० | २ |
| ८ | ना.प.से.प्रा. | ४ | कृषि | लापोडेडे | | २ | ० | २ |
| कृषि तर्फ जम्मा | | | | | | १२ | ० | १२ |
| नगरपालिका कुल जम्मा | | | | | | ६७ | २७ | ९४ |

**५.नगरपालिकामा रहेका शाखाहरु र शाखा प्रमुखहरुको विवरण**

मुसिकोट नगरपालिकामा रहने शाखाहरु र कार्य विवरण सम्बन्धमा मुसिकोट नगरपालिका नगर कार्यपालिका(कार्य विभाजन)नियमावली,२०७४ मा विस्तृत रुपमा व्याख्या गरिएको छ । स्थापनाका हिसावले नयाँ नगरपालिका भएकोले विकास प्रक्रिया, जनशक्ति व्यवस्थापन र भौतिक पूर्वाधार क्षेत्रको पूर्णरुपमा विकास नभई सकेको अवस्था छ । हाल नगरपालिकामा रहेका शाखाहरु,शाखा प्रमुख, वडा कार्यालय र वडा सचिवहरुको विवरण देहाय बमोजिम छ ।

तपसील

| सि.नं. | शाखाको विवरण | शाखा प्रमुखको नाम | सम्पर्क नं. | कैफीयत |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | चेतनाथ गिरी | ९८५७०८३७८९ | |
| २. | स्वास्थ्य शाखा | ढालबहादुर जि.सी. | ९८५७०६१६८० | |
| ३. | प्रशासन शाखा | मुना ज्ञवाली | ९८६७११६६३७ | |
| ४. | शिक्षा शाखा | प्रकाश नेपाली | ९८५७०८८०५५ | |
| ५. | योजना शाखा,<br>न्यायिक समिति,कानुन शाखा | प्रकाश घिमिरे | ९८४९६३७१७९ | |
| ६. | आर्थिक प्रशासन शाखा राजश्व शाखा | बालकृष्ण गौतम | ९८६९१०७७२५ | |
| ७. | सुचना प्रविधि शाखा | विक्रम रायमाझी | ९८४७१०१९८९ | |
| ८. | लैंगिक समानता तथा सामाजिक सुरक्षा | मनिषा राना मगर | ९८४०१६६३२३ | |
| ९. | प्राविधिक शाखा | ओम प्रकाश महतो | ९८१५७२०१५० | |
| १०. | जिन्सी शाखा प्रमुख | सुमन खरेल | ९८४५८१०१५७ | |
| ११. | रोजगार सेवा केन्द्र | डिलाराम पाण्डे | ९८४७१६३०२९ | |
| १२. | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा | विष्णु फुल्लेल | ९८४७१०६२६४ | |
| १३. | कृषि शाखा | आयुस्मा घिमिरे | ९८६७७३८७५८ | |
| १४. | पशु सेवा शाखा | महेन्द्र पन्थी | ९८५७६६०१६० | |
| १५. | नापी शाखा | लक्ष्मण घिमिरे | ९८५७०२७५०८ | |

**वडा कार्यालय र वडा सचिवहरुको विवरण**

| वडा नं | कार्यालय रहेको स्थान | वडा सचिवको नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १. | पौदीअमराई | हेमकला पौडेल | ९८६७२३३०४५ | |
| २. | देउराली | दामबहादुर सोमै | ९८४७५०६८८० | |
| ३. | ठुलापोखरा | दामबहादुर सोमै | ९८४७५०६८८० | |
| ४. | नेटाखर्क | ममता सिग्देल | ९८६८१०६४०९ | |
| ५. | आँपचौर | चिना रेग्मी | ९८६२१५७५१९ | |
| ६. | कुर्घा | तिलकबहादुर राकसकोटी | ९८४१५८६१३६ | |
| ७. | वामीटक्सार | प्रदिप पौड्याल | ९८४३१०५३०४ | |
| ८. | वामी मैदान | सुवास सुनुवार | ९८५७६७१६८१ | |
| ९. | अर्लाङ्कोट | सुवास सुनुवार | ९८५७६७१६८१ | |

## ६. नगरपालिकाबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु विस्तृत रुपमा नगरपालिकाको काम,कर्तव्य र अधिकार शिर्षकमा विस्तृत रुपमा उल्लेख गरिएको छ । संविधान प्रदत्त स्थानिय तहका एकल अधिकार विषयमा आफैले कानुन बनाएर  र साझा अधिकारका सूचीमा समावेश विषयमा संघ , प्रदेश र स्थानीय तहले आपसी समन्वयमा नवाँझिने गरि कानुन वनाइ सम्पादन गर्न सक्ने व्यवस्था छ ।

सेवा प्रदायक निकायबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न आवश्यक पर्ने कागजातहरु,सेवा प्राप्त गर्न पुऱ्याउनु पर्ने प्रक्रिया,सेवा प्रदान गर्ने अधिकारी, लाग्ने दस्तुर ,समय र गुनासो सुन्ने अधिकारी लगायतका विषयमा आम सेवा ग्राहीहरुलाई सहज होस भनेर नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ । साथै सुचना प्रविधिसँग साक्षात्कार भएका सेवाग्राहीहरुको लागि कार्यालयको आधिकारीक वेभसाइट तथा विभिन्न सामाजिक सञ्जालहरु मार्फत पनि सो सम्बन्धी जानकारीहरु  सार्वजनिक गरिएको छ । साथै नगरपालिकाबाट प्रदान गरिने सेवा प्राप्त गर्न लाग्ने दस्तुर सम्बन्धमा हरेक आर्थिक वर्षको लागि नगरसभाबाट आर्थिक ऐन स्वीकृत गरी दर र दायरा सहित उपलब्ध हुन्छ ।

## ७) निवेदन,उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

नगरपालिकाबाट प्रदान गरिने सेवा,विकास प्रक्रिया वा आफुलाई लागेको  जुनसुकै विषयमा जिज्ञासा लागेमा,पिरमर्का परेमा,गुनासा रहेमा,अन्यायमा परेमा वा तोकिएको प्रयोजनको लागि यावत विषयमा जानकारी लिन मन लागेमा नगरकार्यापालिकाको कार्यालय र मातहतका वडा कार्यालयमा सहजै निवेदन दिन सकिन्छ । निवेदनमा उल्लेख विषयानुसार निवेदन,उजुरी उपर सम्बोधन हुने गर्दछ । सेवा प्रवाह,विकास गतिविधि र सवै प्रकारका गुनासा व्यवस्थापको लागि विषय क्षेत्र अनुसार वडा कार्यालयमा वडा अध्यक्ष,वडा सदस्य,वडा सचिव र मेलमिलाप केन्द्रलाई जिम्मेवारी प्रदान गरिएको हुन्छ । नगरकार्यपालिकामा पनि नगर प्रमुख,उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र सुचना अधिकारी मार्फत यी विषयमा जानकारी लिन सकिन्छ । विभिन्न विषयगत शाखा मार्फत पनि सूचना लिने र विवरण माग गर्न सकिन्छ । यी बाहेक पनि जनताका गुनासा,पिरमर्का सेवा सुविधा र संरक्षणका लागि आवश्यक निर्णय लिन विभिन्न विषयगत समिति,नगरकार्यापालिका र नगर सभाको संवैधानिक व्यवस्था छ ।

### ८) निर्णय गर्ने प्रक्रिया र अधिकार,

वर्तमान नेपालको संविधानमा व्यवस्था भए वमोजिम मुसिकोट नगरपालिका  एक स्वायत्त र स्वतन्त्र निकाय हो । संविधान प्रदत्त २२ वटा एकल अधिकारका सुची र १५ वटा साझा अधिकारका सूचीमा आफैले कानुन बनाएर त्यसको कार्यान्वय गर्ने संवैधानिक हैसियत नगरपालिकालाई प्राप्त छ । व्यवस्थापिकाको रुपमा नगर सभा, न्यायपालिकाको रुपमा न्यायिक समिती र कार्यपालिकाको रुपमा नगरकार्यपालिका जस्ता संरचनाहरु मार्फत यसले स्थानीय सरकारको रुपमा शक्ति अभ्यास गरिरहेको छ । संविधान प्रदत्त जिम्मेवारीको निर्वाह नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु मार्फत हुने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको छ । आफ्ना एकल अधिकारका सूचीमा भएका विषय क्षेत्रमा आफैले कानुन बनाएर र साझा अधिकारका विषयमा आपसी सहकार्य र समन्वयमा कानुन निर्माण गरी कानुन बमोजिम नै निर्णय निर्माण गर्ने र कार्यन्वयन गर्ने प्रचलन रहेको छ । सामान्यतयाः नगरपालिकामा बजेट निर्माण प्रक्रिया र योजना कार्यन्वयन सम्बन्धि निर्णय निर्माण प्रक्रिया देहाय बमोजिम हुने गर्दछ ।

**क.वार्षिक बजेट निर्माण प्रक्रिया**

- राजश्व परामर्श समितिले आगामी आर्थिक वर्षको आय व्ययको लागि प्रक्षेपण गरेको तथ्यांकसहितको विवरण कार्यापालिकाबाट निर्णय गरि पौष मसान्तभित्र संघिय सरकारमा पेश गर्ने,
- चैत्र मसान्तभित्र नगरपालिकाले संघ र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्त गर्ने,
- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले संघ तथा प्रदेश सरकारबाट आउने समानीकरण अनुदान,राजश्व बाँडफाँड र आन्तरिक राजश्व आम्दानी समेतलाई समावेश गरि बैशाख १० गते भित्र आगामी आ.ब.को लागि कुल श्रोत अनुमान गर्ने र विषयक्षेत्रगत सिमा निर्धारण गर्ने,
- आगामी आ.ब.मा सञ्चाल गर्ने योजना छनौटका लागी बैशाख मसान्त भित्र बस्ती/टोलस्तरबाट योजना माग संकलन गर्ने,
- जेष्ठ १५ गते भित्र बस्ती/टोलस्तरबाट संकलन गरिएका योजनाको वडा तहमा योजनाको छनौट तथा प्राथमिकिकरण गर्ने,
- वडास्तरबाट प्राथमिकिरण भएका योजना र विषयक्षेत्रगत रुपमा नगरस्तरबाट समावेश गर्नुपर्ने योजनाहरु समेत समावेश गरि जेष्ठ २५ गते भित्र विषयगत समितिले योजना सिफारिस गर्ने,
- सबै विषयगत समितिबाट सिफारिस भएका योजनाहरुलाई एकिकृत गरि थप छलफल गरि बजेट तथा कार्यक्रम तर्जुमा समितिले असार ५ गते भित्र कार्यापालिकामा पेश गर्ने,

- बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका आगामी आ.ब.को बजेट तथा कार्यक्रमलाई थप छलफल र आवश्यक भए संशोधन सहित असार १० गते भित्र कार्यपालिकाबाट बजेट पास गर्ने,
- असार १० भित्र बजेट तथा कार्यक्रम नगरसभामा प्रस्तुत गर्ने,
- असार मसान्तभित्र नगरसभामा पेश भएको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**ख.अन्य विविध विषयको निर्णय**

- नगर कार्यपालिकाबाट निर्णय हुने विषयको लागि  नगर प्रमुखको निर्देशनमा सचिवले बैठकको लागि कार्यपालिकाका सदस्यहरुलाई २ दिन अगाडी एजेण्डा सहित पत्राचार गर्ने, प्रमुखबाट बैठकमा एजेण्डा प्रस्तुत गर्ने र अन्तिम निर्णय लिने ।
- उपभोक्ता मार्फत संचालन हुने योजना सम्झौताको लागि आम भेला मार्फत उपभोक्ता समिति गठन गर्ने, उपभोक्ता समितिले  योजना कार्यन्वयनको आवश्यक निर्णय गर्ने, निर्णयको प्रतिलिपी, वडाको सिफारिस, प्राविधिक लागत सहित योजनाको सम्झौताको लागि योजना शाखामा निवेदन पेश गर्ने, योजना शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतसँग योजना सम्झौता गर्ने,
- योजनाको रकम भुक्तानीको लागि समितिको निर्णय, अनुगमन समितिको अनुगमन प्रतिवेदन, वडाको सिफारिस, प्राविधिक मूल्यांकन सहित पेश भए पश्चात योजना शाखाबाट सिफारिस गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गर्ने र  आर्थिक प्रशासन शाखाबाट रकम भुक्तानी हुने ।
- ठेक्का प्रक्रियाबाट संचालन हुने योजनाको लागि नगर सभाबाट स्वीकृत बजेटको आधारमा सर्भे गरी लागत अनुमान तयार गर्ने, बोलपत्र वा दरभाऊ पत्र सम्बन्धि सूचना प्रकाशन गर्ने, सवैभन्दा कम कबोल गर्ने फर्मसंग सम्झौताको लागि आशयको सूचना प्रकाशित गर्ने र प्रमुख प्रशासकीय अधिकृतबाट सम्झौता गर्ने ।
- सम्झौता भएका योजनाको काम सम्पन्न पश्चात सम्बन्धित फर्मको भुक्तानी निवेदन, विल भर्पाइ,प्राविधिक मूल्यांकन र अनुगमन समितिको प्रतिवेदन सहित योजना शाखामा पेश गर्ने, योजना शाखाको सिफारिश समेतका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरिसकेपछि आर्थिक प्रशासन शाखाबाट भुक्तानी हुने ।

**९) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यालयबाट प्रवाह हुने सेवा र अन्य विषयमा तत्काल गुनासो सुन्ने अधिकारीको रुपमा वडामा वडा सचिव र नगरकार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिइएको हुन्छ ।

समग्रमा गुनासो सुन्नको लागि वडास्तरमा वडा अध्यक्ष,वडा सदस्य र नगरपालिका स्तरमा नगर प्रमुख तथा  नगर उपप्रमुख रहनु हुन्छ ।

**१०) आ.ब.२०८१।८२ मा निर्माण तथा संशोधन भएका ऐन, नियम,कार्यविधि सम्बन्धि विवरण**

| सि. नं. | कानुनको नाम | पारीत मिति | पारित गर्ने निकाय |
|---|---|---|---|
| १. | मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि दोश्रो संसोधन २०८१ | २०८१।०९।२१ | कार्यपालिका |
| २. | मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद व्यवस्थापन गर्न बनेको ऐन(प्रथम संसोधन)२०८१ | २०८१।०९।२९ | नगरसभा |

**११) कार्यालयले सुशासन प्रवर्द्धन गर्न गरेका प्रयासहरु**

- सेवा प्रदायक निकायमा नागरिक वडापत्रको व्यवस्था,
- निर्मित कानुनहरु मुसिकोट राजपत्र मार्फत सार्वजनिक,
- कार्यालयमा उजुरी/गुनासो पेटिकाको व्यवस्था,
- सेवाग्राही सन्तुष्टि फारामको व्यवस्था,
- सहायत कक्ष(Help Desk)को व्यवस्था,
- नगरकार्यापालिकाको कार्यालय र नगरका मुख्य चोकहरुमा सिसि क्यामेरा जडान,
- डिजिटल नोटिस बोर्डको व्यवस्था,
- सम्पादित कामको सार्वजनिक सुनुवाई,
- आवधिक समिक्षा कार्यक्रम
- सरोकारवाला व्यक्ति तथा निकायहरुसँग अन्तरक्रिया,गोष्ठी तथा छलफल,
- सम्पादित कामको अडियो तथा भिडीयो सामाग्री उत्पादन तथा प्रसारण,
- वेभसाइट सञ्चालन,
- कार्यालयको इमेल आइ.डी.फेसबुक आइ.डि.लगायत विभिन्न सामाजिक सञ्जाल मार्फत सुचनाहरुको सार्वजनिकिकरण,
- नगरकार्यापालिकाको निर्णय लगायतका अन्य व्यवस्थाको लागि प्रवक्ता तोकिएको
- सूचना अधिकारी र गुनासो सुनुवाई अधिकारीको व्यवस्था,
- मोबाइल एप्लिकेशनको सञ्चालन,
- शाखातगत प्रतिवेदन प्रकाशन
- विभिन्न ऐन, नियम, कार्यविधि निर्माण तथा कार्यन्वयन,
- विभिन्न किसिमका क्षमता विकास तालिम
- नियमित बजार अनुगमन

## १२) नगरपालिकामा आ.ब.२०८१।८२ को दोश्रो त्रैमासिक अवधिमा भएका नविन कार्यक्रमहरु

- वडा नं.१ को सिम्लेमा सामुदायिक सेवा केन्द्र स्थापना तथा सेवा प्रवाह
- नगरपालिकको मुख्य सडक तल्लाफाँट वामीटक्सार हाडिखोला सडकको जोखिमयुक्त घुम्टीहरुमा सडक ऐना जडान,
- नगरकार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्रको स्थापना

## १३) आ.ब.२०८१।८२ को दोश्रो त्रैमासिक अवधि सम्मको आम्दानी खर्चको विवरण

### क.आन्तरिक आम्दानी तर्फ

| क्र.सं. | राजस्व सङ्कलन केन्द्र | हाल सम्मको सङ्कलित राजस्व | कैफियत |
|---|---|---|---|
| १ | नगरकार्यपालिकाको कार्यालय | 10,63,430 | |
| २ | १ नं. वडा कार्यालय | 4,23,174 | |
| ३ | २ नं. वडा कार्यालय | 2,48,262 | |
| ४ | ३ नं. वडा कार्यालय | 2,69,841 | |
| ५ | ४ नं. वडा कार्यालय | 2,90,223 | |
| ६ | ५ नं. वडा कार्यालय | 2,77,752 | |
| ७ | ६ नं. वडा कार्यालय | 2,73,952 | |
| ८ | ७ नं. वडा कार्यालय | 5,36,955 | |
| ९ | ८ नं. वडा कार्यालय | 1,58,326 | |
| १० | ९ नं. वडा कार्यालय | 1,47,327 | |
| जम्मा | | 36,89,242 | |
| **अक्षेरुपी छत्तिस लाख उनानब्बे हजार दुई सय बयालीस ।** | | | |

### ख. क्षेत्रगत खर्च विवरण

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | 2,61,05,011 | 10,74,768 | ४.१२ | |
| २ | सामाजिक विकास | 22,17,64,157 | 6,61,42,036 | 29.83 | |
| ३ | पूर्वाधार विकास | 18,22,09,112 | 70,59,984 | 3.87 | |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | 2,97,41,125 | 66,81,830 | 22.47 | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | 25,69,69,720 | 8,45,19,341 | 32.89 | |
| | कुल जम्मा | 71,67,89,125 | १6,54,77,959 | २3.08 | |

**१४.विषयगत शाखाहरु मार्फत सम्पादित कार्यक्रमको संक्षिप्त प्रतिवेदन**

- कुल खर्च तर्फ आ.ब.२०८१-०८२ को यस अवधिसम्म १६ करोड ५४ लाख ७७ हजार ९ सय ५९ अर्थात २३.08 प्रतिशत रहेको छ । जस अन्तर्गत चालु खर्च तर्फ ३०.99 प्रतिशत र पूँजीगत खर्च तर्फ 7.07 प्रतिशत रहेको छ ।

- यस अवधिमा नगरकार्यपालिका वैठक ७ पटक सम्पन्न भएको छ, त्यस्तै सबै विषयगत समितिहरुको नियमित बैठक समेत सम्पन्न भएका छन् ।

- यस अवधिमा नगरकार्यपालिकाको कार्यालयमा प्रदेश लोकसेवा सेवा आयोगबाट सिफारिस भएका विभिन्न तहका ७ जना (स्वास्थ्य सेवा समेतमा गरी) कर्मचारीले स्थायी नियुक्ति लिनु भएको छ ।

- त्यसै गरी करार सेवा तर्फ नगरकार्यपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्था गरी कुल ७८ (नगरकार्यपालिका र वडा ४३ तथा स्वास्थ्य तर्फ ३५) जना कर्मचारी कार्यरत रहेकोमा आ.व २०८१-०८२ को यस अवधिमा विभिन्न सेवा, समूहमा गरी जम्मा थप ५ जना कर्मचारीलाई करार सेवामा नियुक्ती गरिएको छ ।

- सार्वजनिक प्रशासनलाई परिणाममूलक बनाउनको लागि अति महत्वपूर्ण कसीको रुपमा रहेको कार्यसम्पादन करार सम्झौता अन्तर्गत आर्थिक वर्ष २०८१-०८२ को लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुखसँग मिति २०८१।०५।२८ गते कार्यसम्पादन सम्झौता (करार) गरिएको ।

- व्यवसायिक तवरमा कृषि, उद्योग सञ्चालन गरेकालाई सहजिकरण तथा प्रोत्साहन गर्न र कृषि क्षेत्र अन्तर्गत विभिन्न खेती गरेका कृषकहरुलाई नगरपालिकाबाट सञ्चालित कार्यक्रममा समावेश गर्न "मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७४" लाई मिति २०८१/०८/२१ गतेको कार्यपालिकाबाट संशोधन गरिएको छ ।
- त्यसैगरी यस अवधिमाः
    - आ. व. २०८०।८१ को वार्षिक समिक्षा कार्यक्रमका साथै आ.व. २०८०।८१ का लागि वार्षिक कार्ययोजना तर्जुमा गोष्ठी,
    - बाल बालिकाहरुको प्रतिभालाई सम्मान तथा प्रोत्साहन गर्न भाद्र २९ मा राष्ट्रिय बाल दिवस कार्यक्रम,

- लैंङ्गिक हिंसा विरुद्धको स्रोह दिने अभियान कार्यक्रम सबै वडाहरुबाट सञ्चालन गर्नुका साथै स्रोहौं दिनमा नगरकार्यपालिका कार्यालयमा समीक्षा गोष्ठि,
- संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम,
- मुसिकोट नगरपालिका वडा नं. ८ र ९ तथा गल्कोट नगरपालिकाको गाईघाटलाई प्रत्यक्ष जोड्ने मोटरेबल पुलको समुद्घाटन कार्यक्रम,
- आभारधूत स्वास्थ्य सेवा केन्द्र, नेटाखर्क वडा नं. ४ र सामुदायिक सेवा केन्द्र सिम्ले राजबारी वडा नं १ को भवन समुद्घाटन कार्यक्रम जस्ता महत्वपूर्ण कार्यक्रम सुसम्पन्न भएका ।

- यस अवधिमा थप १२ वटा नयाँ व्यवसाय दर्ता भएकोमा ५ वटा खारेज भएका र जम्मा ८३ वटा व्यवसायको दर्ता नविकरण भएको छ ।
- यस अवधिमा मुसिकोट नगरपालिकाको संस्था दर्ता ऐन अनुसार २ वटा संस्था दर्ता भएका छन् भने हालसम्म ३९ वटा संस्था नगरपालिकामा दर्ता कायम रहेका छन् ।
- यस कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा तथा विभिन्न समयमा भए/गरेका महत्वपूर्ण कार्यहरुबारे सूचना प्रवाह गर्ने उद्देश्यले नगरकार्यपालिका कार्यालयमा डिजिटल नागरिक बडापत्र जडान गरिएको छ ।
- सुशासन प्रवर्द्धन एवम् नगरको सुरक्षा व्यवस्थापनको लागि नगरका मुख्य चोकहरुमा *CCTV* जडान कार्यलाई यस अवधिमा पनि निरन्तरता दिंदै थप स्थानमा *CCTV* जडान कार्य सम्पन्न भएको छ ।
- त्यस्तै आन्तरिक समीक्षा, सरोकारवाला व्यक्ति तथा निकायहरुसँग अन्तरक्रिया, गोष्ठी तथा छलफल, बजार अनुगमन गर्ने र विभिन्न निकायबाट जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास तालिम तथा गोष्ठीहरु समेत सम्पन्न भएका छन्।
- नगरपालिकाको प्रशासकीय भवन परिसर सुधारका लागि प्रकृया अगाढि बढाईएको ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त, पारदर्शी र विद्युतीय मैत्री बनाउन E-attendance, कम्प्युटर, प्रिन्टर लगायतका विद्युतीय सामाग्री खरिद भएका तथा माग अनुसार थप सामाग्री खरिदको प्रकृयामा रहेको।
- चालु आ.व. २०८१-०८२ को वार्षिक नीति  कार्यक्रम तथा बजेट पुस्तिका छपाई कार्य सम्पन्न भएको।

- उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको सहजीकरणका लागि वडाहरुमा पुगेर सम्झौता गरिएको र वडास्तरबाट नै बैंक खाता खोल्ने कार्य गरिनुका साथै उपभोक्ता समिति निर्णय तथा अभिलेख पुस्तक छपाई तथा वितरण कार्य सम्पन्न भएको।
- चालु आ.ब. २०८१-०८२ मा बोलपत्र विधि मार्फत ११ वटा, सिलवन्दी दरभाउपत्र मार्फत २ वटा र कोटेशन विधि मार्फत ५६ वटा योजनाहरु कार्यान्वयन हुनेमा ७ वटा योजनाहरुको सम्झौता भई कार्यान्वयनको चरणमा रहेका ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुल १४७ योजना मध्ये १३७ योजनाहरुको उपभोक्ता समिति गठन भै सकेको सन्दर्भमा १३२ वटा समितिसँग सम्झौता कार्य समेत सम्पन्न भई कार्यान्वयनको चरणमा रहेको र १५ वटा योजनाहरुको सम्झौता हुन बाँकि रहेको ।
- सडक यातायातलाई सुरक्षित बनाउन विभिन्न ५ वटा जोखिमयुक्त घुम्तीहरुमा Road Mirror (ऐना) जडान गरिएको।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पहिलो त्रैमासिक अवधिमा ४ हजार ७१४ र दोश्रो त्रैमासिक अवधिमा ४ हजार ८१२ जना लाभग्राहीहरुले सङ्घीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता टोलटोलमा गएर वितरण गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्दै आएको छ ।
- यस अवधिमा नगरपालिकाका विभिन्न वडाका ९ जना जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिएको छ । हाल सम्म जम्मा ९६४ जना ज्येष्ठ नागरिकले परिचय पत्र प्राप्त गर्नु भएको छ ।
- नगरपालिका भित्र रहनु भएका अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरी अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गर्नका लागि मिति २०८१/०९/११ गते कार्यक्रम सञ्चालन गरी १८ जना पुरुष र ८ जना महिला गरी जम्मा २६ जना व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको ।नगरपालिकाबाट हाल सम्म ४७४ जनाले अपाङ्गता परिचय पत्र प्राप्त गर्नु भएको छ ।
- व्यक्तिगत घटना दर्ता तर्फ यस अवधि सम्म नगरपालिका भर जन्म ४४०, मृत्यु १४९, सम्बन्ध विच्छेद २२, विवाह १९३, बसाईं सरी आउनेमा ११ परिवारका ३५ सदस्य र बसाईं सरी जानेमा ६७ परिवारका २८५ सदस्यहरुको घटना, दर्ता भएका छन् ।
- ५ हजार ११७ जनालाई कोभिड-१९ विरुद्धको खोप प्रदान गरिएको छ।
- ११९ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मार्फत ५ वर्ष मुनिका २ हजार २ सय ५४ जना बालबालिकाहरुलाई भिटामिन ए र २ हजार ६५ जनालाई जुकाको औषधि वितरण गरिएको ।
- ४४ जना महिलाहरुले सुरक्षित गर्भपतनको सेवा लिएका छन् ।

- स्वास्थ्य संस्थाहरुबाट कुल १४ हजार २ सय ३८ जना नयाँ बिरामीहरुले उपचार सेवा लिएका छन् ।
- त्यसैगरी ११८ जना गर्भवती र सुत्केरी महिलाहरुलाई क्याल्सियम चक्की तथा आइरन वितरण गरिएको छ ।
- मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका बिरामीलाई औषधि उपचार खर्च बापत कुल ४७ जना बिरामीहरुलाई जम्मा रु.९ लाख ४७ हजार रकम भुक्तानी गरिएको ।
- स्वास्थ्य संस्थामा ४ पटक गर्भवती जाँच गर्ने कुल ९९ जना महिलाहरुको लागि गर्भवती तथा प्रसुती पोषण खर्च बापत प्रति व्यक्ति रु. ७ हजार ८०० का दरले जम्मा रु. ७ लाख ७२ हजार २०० भुक्तानी गरिएको ।
- विपन्न नागरिकहरुमध्ये सङ्घ तर्फ २० जना बिरामीहरुलाई प्रति व्यक्ति रु.१ लाख रकम छुट हुने गरी सिफारिस गरिएको तथा प्रदेश तर्फ ४ जना बिरामीहरुलाई प्रति व्यक्ति रु. २ लाख रकम छुट हुने गरी सिफारिस गरिएको ।
- वडा नं. ४ र ८ मा सुविधा सम्पन्न आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण तथा वडा नं. ७ मा १५ शैयाको आधारभुत अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- घुम्ति स्वास्थ्य शिविर अन्तर्गत महिलाहरुको लागि निःशुल्क अल्ट्रासाउण्ड (भिडियो एक्स रे) सेवा सञ्चालनमा ल्याईएको जसमा ४ सय ४८ जना महिलाहरुले सेवा लिएका ।
- वडा नं. ३ र ४ मा ४० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ्ग सञ्चालन गरिएको जसमा ६ सय ३१ जनाले सेवा लिनु भएको।
- २९ जना स्वास्थ्यकर्मीहरुलाई विभिन्न समय र स्थानमा तालिमको व्यवस्था गरिएको ।
- करिब ४० लाख बराबरको औषधि तथा सर्जिकल सामाग्री अनलाईन बोलकबोल विधि (E-Bidding) मार्फत खरिद गरी सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा औषधि तथा सर्जिकल सामाग्री वितरण गरिदैं आएको ।
- स्वास्थ्य सेवा विभाग काठमाडौं, केन्द्रिय मेडिकल स्टोर बारा र प्रदेश आपूर्ति केन्द्र बुटवलबाट ECG मेशिन, माइक्रोस्कप, डेलिभरी बेड, व्हिल चियर लगायतका रु. ८ लाख ५० हजार बराबरको महत्वपूर्ण स्वास्थ्य सामाग्रीहरु प्राप्त भएको ।
- वार्षिक समिक्षा गोष्ठि, डेंगु नियन्त्रण अभियान, पोषण समीक्षा कार्यक्रम, खोप कार्यक्रमको सुक्ष्म योजना गोष्ठि, उत्तर प्रसुति घर भेट जाँच कार्यक्रमको समिक्षा, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रमको वार्षिक समिक्षा गोष्ठि लगायत क्षयरोग मुक्त अभियान सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको ।
- ८० वर्ष माथिका जेष्ठ नागरिक र 'क', र 'ख' वर्गका अपाङ्गता भएका २८६ व्यक्तिहरुलाई घर घरमै गई स्वास्थ्य सेवा प्रदान गरिएको ।
- १४ वटै स्वास्थ्य संस्थाहरुको न्यूनतम् सेवा मापदण्ड मूल्याङ्कन गरिएको ।

- नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कक्षा 3 सम्म अध्ययनरत् बालवालिकाहरुको अपाङ्गता सम्बन्धी प्रारम्भिक परीक्षण र दोस्रो परीक्षणका लागि medical camp आयोजना गरी आवश्यक सहायता सामाग्रीका लागि रिफर गरिएको।
- सातौं राष्ट्रपति रनिङ्ग शिल्ड, 2081 सफलतापूर्वक सम्पन्न गरिएको।
- रुद्रावति बहुमुखी क्याम्पसमा नियमित रुपमा अध्ययनरत मुसिकोट नगरपालिकामा स्थायी बसोबास गर्ने विद्यार्थीहरुका लागि "**दलित र अल्पसंख्यक छात्रा, अपाङ्ग छात्र/छात्रा उच्च शिक्षा सहयोग**" कार्यक्रम कार्यन्वयन गर्न आवेदन संकलन भएको।
- **गरिब, दलित विद्यार्थीसँग उपप्रमुख कार्यक्रमका** लागि नि.मा.वि. तह (1-8) का विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण संकलन भएको।
- कक्षा 1 देखि 5 को पाठ्यपुस्तक तयारी कार्य भैरहेको र कक्षा 6 देखि 8 को स्थानीय पाठ्यक्रम निर्माण कार्य भैरहेको ।
- कक्षा 6 देखि 12 मा अध्ययनरत छात्राहरुका लागि स्यानिटरी प्याड वितरणका लागि खरिद कार्य प्रकृयामा रहेको ।
- कुल १० जना शिक्षक तथा १ जना कार्यालय सहयोगी नियुक्ति गरी सम्बन्धित विद्यालयमा पठाइएको।
- शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा नगरपालिकामा रहेका सम्पूर्ण विद्यालयहरुको विद्यार्थी, शिक्षक, भौतिक पूर्वाधार आदि सम्बन्धी विवरण अध्यावधिक गर्ने कार्य नियमित भै रहेको ।
- भलिवल खेल शिक्षक नियुक्तिको प्रकृया शुरु भएको ।
- व्यवसायिक कृषक, उद्यमी र व्यवसायीलाई प्रोत्साहन गर्न आ.व. २०७९/८० देखि सञ्चालित "पख्नोस् तपाईंको लागी हामी केहि गर्दछौं" कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईएको ।
- यसै गरी
    - युवा लक्षित तरकारी खेती कार्यक्रम,
    - अकवरे खुर्सानी प्रवर्धन कार्यक्रम,
    - तरकारी विउविजन वितरण कार्यक्रम,
    - किटनाशक तथा ढुसिनाशक बिषादी खरिद कार्यक्रम,
    - नेपाली कफिको जन्म ठाउँमा कफी बगैंचा गाँउ गाँउमा कार्यक्रम,
    - आफ्नै गाउँ फर्कि आउँ अभियान कार्यक्रम,
    - कृषि उपज खरिद सुनिश्चितता कार्यक्रम,
    - मसलाबाली प्रर्बद्धन कार्यक्रम वडा नं.१ देखि ४,
    - कृषियोग्य जग्गा लिजमा लिने कार्यक्रम,

- वागवानी फार्म तथा सार्वजनिक संघ संस्थाहरुका लागि विरुवा तथा विउ वितरण कार्यक्रम,
- किसान सूचिकरण कार्यक्रम,
- विपन्न बस्तिमा कृषि बिकासका लागी मौरीपालन तथा बाख्रापालन कार्यक्रम जस्ता कार्यक्रमहरु सङ्घ, प्रदेश र नगरपालिकाबाट यस आ.व. मा कार्यान्वयनको क्रममा रहेका।

- पशु सेवा अन्तर्गतः
  - दुग्ध ब्यवसाय तथा दुग्ध उत्पादनमा अधारीत अनुदान कार्यक्रम,
  - कृत्रिम गर्भाधान कार्यक्रम,
  - बाख्रा टेवा कार्यक्रम,
  - भ्याकशिनेशन कार्यक्रम,
  - पशु औषधि खरिद तथा बितरण कार्यक्रम,
  - भकारो सुधार कार्यक्रम,
  - रागो पाल्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम,
  - दुग्ध डेरी स्थापना कार्यक्रम,
  - ब्याडे रागो तथा बहर गोरु पालक कृषकलाई प्रोत्साहन तथा पोषण सुधार (हाँस पालन) कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालनको विभिन्न चरणमा रहेका छन् ।
  - वडा नं. ५ तल्लाफाँटमा रहेको शहिद पार्कमा नगरपालिकाले व्यवस्थापन गर्दै आएको तलाउबाट ३२५ के.जी. माछा विक्रि गरी रु १ लाख १३ हजार ७५० रकम आम्दानी प्राप्त भएको ।

- यस आर्थिक वर्षमा फाईवर झोला बनाउने तालिमको लागि प्रस्ताव आह्वान गरिएको छ ।
- नगरपालिकामा जम्मा ४५ वटा योजनाहरु छनौट गरी प्राथमिकताका आधारमा ७१ जना श्रमिक लाई उक्त योजनाहरुमा लगाईएको त्यसैगरी "**निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम**" मा २० वटा योजना छनौट गरी ६५ जना श्रमिकलाई जम्मा ७३९ दिन रोजगारी उपलब्ध गराईएको।
- वैदेशिक रोजगारीमा जाने २२ जना व्यक्तिलाई पनुः श्रम स्वीकृतिको लागि सहजिकरण गरिएको ।
- यस अवधिमा ८ वटा घरहरुको अभिलेखिकरण गरिएकोमा १ घर निर्माणको लागि नक्सा पास अन्तर्गत नयाँ दर्ता गरिएको छ

## १६.मुसिकोट नगरपालिकाका जनप्रतिनिधिहरुको विवरण

| सि.नं | पद | नाम थर | ठेगाना | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | जिवलाल खरेल जीवन | मुसिकोट न.पा.५ | ९८५७०२१२१२ | |
| २ | नगर उप–प्रमुख | गंगा श्रेष्ठ | मुसिकोट न.पा.१ | ९८६७२०५५३० | |
| ३ | वडा अध्यक्ष | आनन्द श्रेष्ठ | मुसिकोट न.पा.१ | ९८४९१५६७०२ | |
| ४ | वडा अध्यक्ष | रविन्द्र के.सी. | मुसिकोट न.पा.२ | ९८६६५७२४३८ | |
| ५ | वडा अध्यक्ष | शंखर बहादुर रायमाझी | मुसिकोट न.पा.३ | ९८५७०६४७०० | |
| ६ | वडा अध्यक्ष | जुक्त बहादुर छन्तेल | मुसिकोट न.पा.४ | ९८६७३२०१०० | |
| ७ | वडा अध्यक्ष | ऋषिश्वर अर्याल | मुसिकोट न.पा.५ | ९८६७५३५३९७ | |
| ८ | वडा अध्यक्ष | खड्क बहादुर खड्का | मुसिकोट न.पा.६ | ९८४००१४०५८ | |
| ९ | वडा अध्यक्ष | हरिहर सापकोटा | मुसिकोट न.पा.७ | ९८५७०६४७५७ | |
| १० | वडा अध्यक्ष | रमेश वि.क. | मुसिकोट न.पा.८ | ९८४७४१५३९९ | |
| ११ | वडा अध्यक्ष | भुमा गुरुङ्ग | मुसिकोट न.पा.९ | ९८५७०६७०८१ | |
| १२ | कार्यपालिका सदस्य | प्रतिमा के.सी. | मुसिकोट न.पा.१ | ९८४७१०४१६२ | |
| १३ | कार्यपालिका सदस्य | सागर नेपाली | मुसिकोट न.पा.२ | ९८६७७२९४३२ | |
| १४ | कार्यपालिका सदस्य | माया अधिकारी कार्की | मुसिकोट न.पा.४ | ९८६३१८९३७४ | |
| १५ | कार्यपालिका सदस्य | यमकला खरेल | मुसिकोट न.पा.५ | ९८६७१४४१८६ | |
| १६ | कार्यपालिका सदस्य | अमृता श्रेष्ठ | मुसिकोट न.पा.७ | ९८६०२४७१७५ | |
| १७ | कार्यपालिका सदस्य | विष्णु राना | मुसिकोट न.पा.७ | ९८४९९९४१६४ | |
| १८ | कार्यपालिका सदस्य | सम्झना कुँवर | मुसिकोट न.पा.८ | ९८४७८७६४८४ | |
| १९ | कार्यपालिका सदस्य | नन्द बहादुर वि.क. | मुसिकोट न.पा.९ | ९८४९३९०८२६ | |
| २० | वडा सदस्य | कुसुम परियार | मुसिकोट न.पा.१ | ९८४४८५३४७६ | |
| २१ | वडा सदस्य | विश्नुध्वज खाती | मुसिकोट न.पा.१ | ९८६७५५१०२२ | |
| २२ | वडा सदस्य | दान बहादुर के.सी. | मुसिकोट न.पा.१ | ९८४५२०२२७३ | |
| २३ | वडा सदस्य | राधिका घिमिरे | मुसिकोट न.पा.२ | ९८४७१६६००६ | |
| २४ | वडा सदस्य | वेल कुमारी नेपाली | मुसिकोट न.पा.२ | ९८६७२५३५९० | |
| २५ | वडा सदस्य | देव बहादुर रायमाझी | मुसिकोट न.पा.२ | ९८४९६४१५४७ | |
| २६ | वडा सदस्य | राम बहादुर महत | मुसिकोट न.पा.२ | ९८४२७८३५३९ | |
| २७ | वडा सदस्य | सावित्रा पाण्डे भण्डारी | मुसिकोट न.पा.३ | ९८६७२९८१२० | |
| २८ | वडा सदस्य | मनभुजा वि.क. | मुसिकोट न.पा.३ | ९७४२९०८१५९ | |
| २९ | वडा सदस्य | केशव सुर्यवंशी | मुसिकोट न.पा.३ | ९८४७७३८५४६ | |
| ३० | वडा सदस्य | थम्मन बहादुर घिमिरे क्षेत्री | मुसिकोट न.पा.३ | ९८६७७३८६२२ | |
| ३१ | वडा सदस्य | तारा सुनार | मुसिकोट न.पा.४ | ९८६०३१५२२५ | |
| ३२ | वडा सदस्य | तुल बहादुर कुमाल | मुसिकोट न.पा.४ | ९८४४७९१९८२ | |
| ३३ | वडा सदस्य | लोक बहादुर कार्की | मुसिकोट न.पा.४ | ९८४९१०१२४३ | |
| ३४ | वडा सदस्य | पान कुमारी वि.क. | मुसिकोट न.पा.५ | ९८४०७६९०२२ | |
| ३५ | वडा सदस्य | राम प्रसाद अर्याल | मुसिकोट न.पा.५ | ९८६७१७४५५९ | |
| ३६ | वडा सदस्य | पाराश्वर खरेल | मुसिकोट न.पा.५ | ९८६४४४३३०४ | |
| ३७ | वडा सदस्य | धनकला गुरुङ्ग | मुसिकोट न.पा.६ | ९८४१५२९९५४ | |
| ३८ | वडा सदस्य | जमुना भर्ताल | मुसिकोट न.पा.६ | ९८४३९८०१६८ | |
| ३९ | वडा सदस्य | मान बहादुर पच्या | मुसिकोट न.पा.६ | ९८६९५८२०६२ | |
| ४० | वडा सदस्य | हिरा बहादुर वि.क. | मुसिकोट न.पा.६ | ९८४०७६९००३ | |
| ४१ | वडा सदस्य | दिपा दमाई | मुसिकोट न.पा.७ | ९८४८६१५८३१ | |
| ४२ | वडा सदस्य | लक्ष्मण प्रसाद खराल | मुसिकोट न.पा.७ | ९८४७१८७५९५ | |
| ४३ | वडा सदस्य | टेक बहादुर राना | मुसिकोट न.पा.७ | ९८६७१५३७१२ | |
| ४४ | वडा सदस्य | सावित्रा वि.क. | मुसिकोट न.पा.८ | ९८४७४९८१४२ | |
| ४५ | वडा सदस्य | चन्द्र घर्ती मगर | मुसिकोट न.पा.८ | ९८६७५३५३५३ | |
| ४६ | वडा सदस्य | हिरा बहादुर नेपाली | मुसिकोट न.पा.८ | ९८६०००७६३९ | |
| ४७ | वडा सदस्य | मनरुपा सापकोटा | मुसिकोट न.पा.९ | ९८४७७९८११८ | |
| ४८ | वडा सदस्य | पार्वती परियार | मुसिकोट न.पा.९ | ९८४५२६२२५० | |
| ४९ | वडा सदस्य | तारा प्रसाद कडेल | मुसिकोट न.पा.९ | ९८४७४०८७२७ | |
| ५० | वडा सदस्य | बोम बहादुर खत्री | मुसिकोट न.पा.९ | ९८४७२२७२७५ | |

## १६.नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | पद | नाम थर | ठेगाना | कार्यरत स्थान | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ गिरी | रुरुक्षेत्र गा.पा. ५, गुल्मी | नगरपालिका कार्यालय | ९८५७०८३७८९ | |
| २ | जनस्वास्थ्य अधिकृत | डी.बी. जि.सि. | मुसिकोट न.पा. ७, गुल्मी | स्वास्थ्य शाखा | ९८५७०६१६८० | |
| ३ | अधिकृत छैठौ(प्रशासन) | मुना ज्ञवाली | गुल्मीदरबार गा.पा. ६, गुल्मी | प्रशासन शाखा | ९८४७११६६३७ | |
| ४ | अधिकृत छैठौ(शिक्षा) | प्रकाश नेपाली | मुसिकोट न.पा. २, गुल्मी | शिक्षा शाखा | ९८५७०८८०५५ | |
| ५ | जनस्वास्थ्य निरिक्षक | पुस्कर गौतम | गुल्मी दरबार गा.पा.२, गुल्मी | स्वास्थ्य शाखा | ९८४५६३५२८४ | |
| ६ | सुचना प्रविधि अधिकृत | विक्रम रायमाझी | मुसिकोट न.पा. ३, गुल्मी | सुचना प्रविधि शाखा | ९८४७१०१९८९ | |
| ७ | कृषि अधिकृत | आयुष्मा घिमिरे | मुसिकाट न.पा. ३, गुल्मी | कृषि शाखा | ९८६७७३८७५८ | |
| ८ | रोजगार संयोजक | डिलाराम पाण्डे | छत्रदेव गा.पा.१, अर्घाखाँची | रोजगार सेवा केन्द्र | ९८४७१६३०२९ | |
| ९ | अधिकृत छैठौं | विनय ज्ञवाली | बुटवल उ.म.न.पा.–०४, रुपन्देही | क्षयरोग मुक्त अभियान | ९८६७२३२५४२ | |
| १० | सहायकस्तर पाचौं | प्रकाश घिमिरे | मुसिकोट न.पा. ३, गुल्मी | योजना तथा अनुगमन शाखा | ९८४९६३७१७९ | |
| ११ | पशुसेवा प्राविधिक | महेन्द्रराज पन्थी | मालिका गा.पा. ७, गुल्मी | पशुसेवा शाखा | ९८५७६६०१६० | |
| १२ | सहायकस्तर पाचौं | सुमन खरेल | मुसिकोट न.पा. ९, गुल्मी | जिन्सी व्यवस्थापन शाखा | ९८४५८१०१५७ | |
| १३ | सहायकस्तर पाचौं(लेखा) | बालकृष्ण गौतम | रेसुङ्गा न.पा. ४, गुल्मी | आर्थिक प्रशासन शाखा | ९८६९१०७७२५ | |
| १४ | प्रा.स.(कृषी) | टेक बहादुर खड्का | मुसिकोट न.पा. ४, रुकुम पश्चिम | कृषि शाखा | ९८४४८४७६७९ | |
| १५ | प.स्वा.प्रा.(पशु सेवा) | झंकर रोकाया | बुढिगंगा न.पा. ४, बाजुरा | ३ नं. वडा कार्यालय | ९८४७२७८४६५ | |
| १६ | प.स्वा.प्रा.(पशु सेवा) | रोसन पाण्डेय | शैलेशिखर न.पा. ९, दार्चुला | ९ नं. वडा र नगरपालिका कार्यालय | ९७४२३९९५५५ | |
| १७ | सहायकस्तर पाचौं | चिना रेग्मी | रावावेशी गा.पा. १, खोटाङ् | ५ नं. वडा कार्यालय | ९८६२१५७५१९ | |
| १८ | सहायकस्तर पाचौं | प्रदिप पौडेल | लिखुतामाकोशी १, रामेछाप | ७ नं. वडा कार्यालय | ९८४३१०५३०४ | |
| १९ | कम्प्युटर अपरेटर | केशव सिजापति बडुवाल | आठबिस न.पा. १, दैलेख | सुचना प्रविधि शाखा | ९८६८१२३८८० | |
| २० | प्रा.स.(शिक्षा) | सुमन न्यौपाने | गल्याङ न.पा. ३, स्याङ्जा | शिक्षा शाखा | ९८४३१७७६०१ | |
| २१ | महिला विकास निरिक्षक | मनिषा राना | कोहलपुर न.पा. २, बाँके | महिला तथा बालबालिका शाखा | ९८४०१६६३२३ | |
| २२ | सव-इन्जिनियर | सन्तोष राउत | मदाने गा.पा.१, गुल्मी | प्राविधिक शाखा | ९८५७०६७७१९ | |
| २३ | MIS अपरेटर | विष्णु फुल्देल | मुसिकोट न.पा. १, गुल्मी | सामाजिक सुरक्षा तथा प्रंजीकरण उपशाखा | ९८४७१०६२६४ | |
| २४ | रोजगार सहायक | झरना मरासिनी | रेसुङ्गा न.पा. १, गुल्मी | रोजगार सेवा केन्द्र | ९८६९७७९३६४ | |
| २५ | रोजगार प्राविधिक | मन्जीत भुसाल | वुटवल उ.म.पा. ११ रुपन्देही | रोजगार सेवा केन्द्र | ९८६७९५०४२४ | |
| २६ | सव-इन्जिनियर | किरण नेपाली | मुसिकोट न.पा. २, गुल्मी | प्राविधिक शाखा | ९८६७३२९८८५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | सहायकस्तर चौथो | सुवास सुनुवार | मुसिकोट न.पा. ९, गुल्मी | ८ र ९ नं. वडा कार्यालय | ९८५७६७१६८१ | |
| २८ | सहायकस्तर चौथो | विस्नु प्रसाद खरेल | मुसिकोट न.पा. ५, गुल्मी | योजना तथा अनुगमन शाखा | ९८५७०६४४१३ | |
| २९ | सहायकस्तर चौथो | हेमकला पौडेल | मुसिकोट न.पा. १, गुल्मी | १ नं. वडा कार्यालय | ९८६७२३३०४५ | |
| ३० | सहायकस्तर चौथो | दाम बहादुर सोमै | मुसिकोट न.पा. ३, गुल्मी | २,३ र ४ नं. वडा कार्यालय | ९८४७५०६८८० | |
| ३१ | सहायकस्तर चौथो | तिलक राकसकोटी | मुसिकोट न.पा. ४, गुल्मी | ६ नं. वडा कार्यालय | ९८४१५८६१३६ | |
| ३२ | अमिन | लक्ष्मण घिमिरे | तानसेन न.पा. ११, पाल्पा | नापी शाखा | ९८५७०२७५०८ | |
| ३३ | अ.सव-इन्जिनियर | ओमप्रकाश महतो | लहान न.पा. १९, सिराहा | प्राविधिक शाखा | ९८१५७२०१५० | |
| ३४ | ना.प.स्वा.प्रा. | धनलक्ष्मी भट्टराई | विजयनगर गा.पा. ६, कपिलवस्तु | ८ र ९ नं. वडा कार्यालय | ९८४०४९३६९७ | |
| ३५ | अ.न.मी | तारा मगर | मानेभञ्ज्याङ-९,ओखलढुङ्गा | नगरपालिका कार्यालय | ९८४२९८१०८८ | |
| ३६ | ना.प.स्वा.प्रा. | संगिता वि.क. | त्रिवेणी गा.पा ५, रुकुम पश्चिम | पशु अस्पताल | ९८६८०५६३८८ | |
| ३७ | ना.प.स्वा.प्रा. | मदन नेपाली | खाँडाचक्र न.पा ८, कालिकोट | १ र २ नं. वडा कार्यालय | ९८६६२११९४३ | |
| ३८ | स.म.विकास | ममता सिग्देल | गेरुवा-६,बर्दिया | ४ नं. वडा कार्यालय | ९८६८१०६४०९ | |
| ३९ | ना.प.स्वा.प्रा. | सुर बहादुर चलाउने | बारेकोट-७,जाजरकोट | ९ नं. वडा कार्यालय | ९८६७३६९३६२ | |
| ४० | स.ले.पा. | ज्ञान बहादुर भण्डारी | बागचौर न.पा.०२, सल्यान | नगरपालिका कार्यालय | ९७६६८८८२८८ | |
| ४१ | स.कम्प्युर अपरेटर | छविलाल न्यौपाने | कालिगण्डकी गा.पा. ५, स्याङ्जा | जिन्सी तथा प्रशासन शाखा | ९८६७२५५५९१ | |
| ४२ | स.कम्प्युर अपरेटर | सागर खत्री | मुसिकोट न.पा. ८, गुल्मी | योजना शाखा | ९८६७७२६९१८ | |
| ४३ | स.कम्प्युर अपरेटर | शर्मिला घर्ती मगर | मुसिकोट न.पा. ४, गुल्मी | शिक्षा शाखा | ९८४७५३९८१२ | |
| ४४ | स.कम्प्युर अपरेटर | भानुभक्त पौडेल | मुसिकोट न.पा. ७, गुल्मी | स्वास्थ्य शाखा | ९८६७६१९२०७ | |
| ४५ | ना .प्रा.स. | सर्वजित वली | बागचौर न.पा. ७, सल्यान | १ र २ नं. वडा कार्यालय | ९८१०९२१५५१ | |
| ४६ | ना .प्रा.स. | नारायाणी गौतम | पाणिनी गा.पा.–२, अर्घाखाँची | ३ र ४ नं. वडा कार्यालय | ९८६७२८६३३८ | |
| ४७ | ना .प्रा.स. | विशाल शर्मा | मुसिकोट न.पा. ६, गुल्मी | ६ र ७ नं. वडा कार्यालय | ९८२२५७५४२१ | |
| ४८ | ना.प.स्वा.प्रा. | टेकराज भण्डारी | चन्द्रकोट गा.पा. ७, गुल्मी | ५ र ६ नं. वडा कार्यालय | ९८५७०६७५९१ | |
| ४९ | स.कम्प्युटर अपरेटर | मोहन बहादुर बोहोरा | मुसिकोट न.पा. २, गुल्मी | २ नं. वडा कार्यालय | ९८४७५१७०४७ | |
| ५० | स.कम्प्युटर अपरेटर | सरस्वती घिमिरे | मुसिकोट न.पा. ३, गुल्मी | ३ नं. वडा कार्यालय | ९८६४५५४९२२ | |
| ५१ | स.कम्प्युटर अपरेटर | विमला छन्तेल | मुसिकोट न.पा. ४, गुल्मी | ४ नं. वडा कार्यालय | ९८६७२६२२८३ | |
| ५२ | स.कम्प्युटर अपरेटर | बुद्धि प्रसाद अर्याल | मुसिकोट न.पा. ५, गुल्मी | ५ नं. वडा कार्यालय | ९८१९४३९००५ | |
| ५३ | स.कम्प्युटर अपरेटर | गंगा राकसकोटी | मुसिकोट न.पा. ४, गुल्मी | ६ नं. वडा कार्यालय | ९८६४८५८७९२ | |
| ५४ | स.कम्प्युटर अपरेटर | उज्ज्वल खत्री | मुसिकोट न.पा. ८, गुल्मी | ७ नं. वडा कार्यालय | ९८५७०११८७४ | |
| ५५ | खा.पा.स.टे. | हुमलाल पाण्डे | रेसुङ्गा न.पा. –९, गुल्मी | नगरपालिका कार्यालय | ९८५७०६७९५१ | |
| ५६ | कृषि सामाजिक | रुपा दर्लामी | मुसिकोट न.पा. ७, गुल्मी | नगरपालिका कार्यालय | ९८४७४९१५१३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५७ | उद्यम विकास सहजकर्ता | चम्फा खड्का | बागचौर न.पा. ७, सल्यान | नगरपालिका कार्यालय | ९८१०८२५०७० | |
| ५८ | फिल्ड सहायक | अर्जुन सर्तुङ्गे मगर | मुसिकोट न.पा. ४, गुल्मी | ८ नं. वडा कार्यालय | ९८४४७५२०२५ | |
| ५९ | कार्यालय सहयोगी | भिमकान्त रिजाल | मुसिकोट न.पा. ३, गुल्मी | नगरपालिका कार्यालय | ९८४७२६६८४२ | |
| ६० | कार्यालय सहयोगी | निर बहादुर बोहोरा | मुसिकोट न.पा. २, गुल्मी | नगरपालिका कार्यालय | ९८५७०६४५३३ | |
| ६१ | हल्का सवारी चालक | कमल कुँवर | मदाने गा.पा. ३, गुल्मी | नगरपालिका कार्यालय | ९८५७०६७६०३ | |
| ६२ | टेक्टर चालक | कृष्ण बहादुर कुमाल | मुसिकोट न.पा. ७, गुल्मी | नगरपालिका कार्यालय | ९८६६५८९३३७ | |
| ६३ | कार्यालय सहयोगी | हिरा सापकोटा | मुसिकोट न.पा. ८, गुल्मी | नगरपालिका कार्यालय | ९८४४७८४१७२ | |
| ६४ | कार्यालय सहयोगी | वामदेव पन्थी | मदाने गा. पा. ७, गुल्मी | नगरपालिका कार्यालय | ९८४११३८४३४ | |
| ६५ | कार्यालय सहयोगी | मिना बन | मुसिकोट न.पा. १, गुल्मी | १ नं. वडा कार्यालय | ९८६९४२७०२५ | |
| ६६ | कार्यालय सहयोगी | रमेश सिँह | मुसिकोट न.पा. २, गुल्मी | २ नं. वडा कार्यालय | ९८६४६६१४४१ | |
| ६७ | कार्यालय सहयोगी | रुद्रहरी भण्डारी | मुसिकोट न.पा. ३, गुल्मी | ३ नं. वडा कार्यालय | ९८६९९४३८७२ | |
| ६८ | कार्यालय सहयोगी | ओमकला पचभैया | मुसिकोट न.पा. ४, गुल्मी | ४ नं. वडा कार्यालय | ९८०४४८९९९६ | |
| ६९ | कार्यालय सहयोगी | डिलाराम अर्याल | मुसिकोट न.पा. ५, गुल्मी | ५ नं. वडा कार्यालय | ९८६९८५२८३८ | |
| ७० | कार्यालय सहयोगी | अर्जुन थापा | मुसिकोट न.पा. ६, गुल्मी | ६ नं. वडा कार्यालय | ९८६५५८४७६२ | |
| ७१ | कार्यालय सहयोगी | पदम बहादुर रायमाझी | मुसिकोट न.पा. ८, गुल्मी | ७ नं. वडा कार्यालय | ९८६८३३७९२० | |
| ७२ | कार्यालय सहयोगी | तुल्सी घिमिरे | मुसिकोट न.पा. ८, गुल्मी | ८ नं. वडा कार्यालय | ९८४८०८०२७३ | |
| ७३ | कार्यालय सहयोगी | कोपिला सापकोटा | मुसिकोट न.पा. ९, गुल्मी | ९ नं. वडा कार्यालय | ९८४०१०२३७२ | |
| ७४ | कार्यालय सहयोगी | लेक कुमारी छन्तेल | मुसिकोट न.पा. ८, गुल्मी | नगरपालिका कार्यालय | ९८६८३३७९०४ | |
| ७५ | नगर प्रहरी | टोप बहादुर थापा | मालिका गा.पा. ३, गुल्मी | नगरपालिका कार्यालय | ९८६७३८५४८३ | |
| ७६ | नगर प्रहरी | कमल आचार्य | मुसिकोट न.पा. २, गुल्मी | नगरपालिका कार्यालय | ९७४९७८४१७६ | |
| ७७ | नगर प्रहरी | रिता माझी | इन्द्रावती गा.पा. ११, सिन्धुपाल्चोक | नगरपालिका कार्यालय | ९८४७८७४८८० | |
| ७८ | नगर प्रहरी | गोपाल कुमाल | मुसिकोट न.पा. ७, गुल्मी | नगरपालिका कार्यालय | ९७६८३३३०४९ | |